# साहित्यमा उपयोगितावाद

**रामहरि लम्साल**

सरस्वती बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय

**लेखसार**

*संसारमा कुनै पनि वस्तु, विचार वा कार्यको महत्त्व सिद्ध गर्नका निम्ति उपयोगितावादलाई कसी मान्ने प्रचलन परापूर्वकालदेखि नै चलिआएको छ । खास खास काल विशेषको सामाजिक उद्देश्यअनुरूप उपयोगिताको स्थापना र प्रतिमान बदलिँदै रहेको छ । उपयोगिताको प्रतिमानमा हेरफेर भइरहे पनि यसको सिद्धान्त भने निरन्तर चलिरहेकै छ । साहित्यको उपयोगितावादलाई सोद्देश्यवाद पनि भनिन्छ । पूर्वमा काव्यको प्रयोजनले उपयोगिताको अर्थ वहन गरेको छ भने पश्चिममा उपयोगितावादका रूपमा व्यवहृत हुँदै आएको छ । पाश्चात्य जगत्मा देखा परेको 'कला कलाको लागि' भन्ने सिद्धान्त उपयोगिवावादको विरोधीका रूपमा उपस्थित भएको ठानिन्छ तापनि त्यसको पनि आफ्नै उपयोगिता रहेको छ । उपयोगितावाद शब्दको प्रयोग सर्वप्रथम पाश्चात्य साहित्यमा गरिएको भए पनि पूर्वीय साहित्य चिन्तनमा साहित्यको प्रयोजनका रूपमा यो सिद्धान्त परापूर्वकालदेखि नै व्यवहृत भइरहेको छ । केही पूर्वीय काव्यशास्त्री एवं पाश्चात्य साहित्यशास्त्रीका विचारलाई उपयोग गर्दै साहित्यमा उपयोगितावादी धारणाहरूको विहङ्गम अध्ययन गर्नु यस आलेखको उद्देश्य रहेको छ । यस आलेखमा उपयोगितावादको परिचयका साथै पूर्व र पश्चिम दुवैतिर उपयोगितावादलाई विभिन्न स्वरूपमा स्वीकार गरिएको विषयलाई केही सन्दर्भहरूको सहयोगमा उजागर गर्दै साहित्यमा यसको महत्त्व रहेको निष्कर्ष निकालिएको छ ।*

मुख्य शब्दहरू : **प्रयोजन, आत्मविस्तार, विश्वपरिवेश, जिजीविषा, सहजानुभूति**

## विषयपरिचय

वर्तमान विश्वमा साहित्यलाई विभिन्न क्षेत्रमा उपयोग गरिदै आएको छ । साहित्यलाई राजनीतिज्ञहरूले आफ्नो विचार सम्प्रेषण गर्न, प्रकाशकहरूले व्यापार प्रवर्द्धन गर्न, साहित्यिक पत्रकारहरूले पत्रिकाको सामग्री प्राप्त गर्न, अनलाइन पत्रिकाहरूले अवलोकन कर्ता बढाउन र अन्य ज्ञानक्षेत्रका व्यवसायीहरूले आफ्नो व्यवसायको प्रचार र प्रवर्द्धन गर्न उपयुक्त साधनका रूपमा लिएका छन् । अहिले साहित्यको सांस्कृतिक महत्त्व र गरिमा उपयोगितावादको प्रभावमा परिरहेको छ । साहित्य एक उच्च भाषिक कला हो । यसको सांस्कृतिक एवम् समाजशास्त्रीय अध्ययन गरिन्छ तापनि यसको साहित्यिक मूल्यमा केन्द्रित हुन आवश्यक छ । साहित्यिको मूल पक्षलाई उपयोगितावादले विस्तारै छायामा पारेको छ र सौन्दर्य शास्त्रको क्षेत्रमा प्रचलित पारिभाषिक शब्दकै रूपमा उपयोगितावाद परिचित छ । आजको विश्वमा मान्छे हरेक वस्तुलाई तुरुन्ता तुरुन्तै सहज रूपमा उपयोग हुने विषय र साधनलाई उपयोगी ठान्ने अवस्थामा छ । यसले साहित्यलाई पनि उपयोगितायुक्त र उपयोगिताविहीन देख्ने फरक दृष्टिकोणको विकास गरेको छ । एउटा समूहले राम्रो भनेको साहित्य अर्को समूहका लागि विनाकामको बनिरहेको छ । एउटा समुदायको स्रष्टाको साहित्य अर्को समुदायका लागि उपयोगविहीन बनिरहेको छ । उपयोगितावादी चेतनाका कारण मानिस कुनै पनि वस्तु एकपल्ट उपयोग गर र

फ्याँकको अवस्थामा पुगेको छ। यसको प्रभाव साहित्य र संस्कृतिमा पनि परिरहेको देखिन्छ।

विश्वको अर्थबजारमा देखिएको उपयोगितावाद आजको साहित्यमा समेत हावी बनिरहेको छ। हामी यसको नमुनाका रूपमा नेपाली बजारमा नुन, तेल, साबुन, जीवनजल जस्ता वस्तुको विज्ञापनमा प्रयोग भएका कवितात्मक प्रस्तुतिलाई लिन सक्छौं । हाम्रो आफ्नै सन्दर्भमा भन्ने हो भने साहित्यको उपयोगितावाद पार्टीगत लेखनमा देखिइराखेको छ । यस्तो उपयोगितावादले साहित्यलाई उच्च कलामूल्य र चेतनाको साहित्य भन्दा उचाल्ने र पछार्ने विषय बनाएको हुन्छ। यो सबै उपयोगितावादले निम्त्याएको प्रभाव हो । उपयोगितावादी सिर्जना कला उपयोगितावादकै प्रभावको परिणति हो। साहित्यको उपयोगितावादी प्रयोग विशेष अवसरहरूमा देखा पर्दछ। नारी दिवसमा नारीकेन्द्रित कविता, आन्दोलनमा समाजिक राजनीतिक जागरणका कविता तथा विभिन्न नश्लीय तथा जातीय चेतनाका कविता आदिबाट साहित्यमा उपयोगितावादले राम्रै प्रभाव पारेको छ। उपयोगितावादकै कारण असाहित्यकार साहित्यकार र साहित्यकार असाहित्यकार बनिरहेका छन् । कृति विमोचनका समारोहहरू होटलमा भए चर्चामा आउने र साधारण ठाउँमा भए नआउने भइसकेको छ। जतासुकै उपयोगिताको वर्चश्व बढिरहेको छ। उपयोगितावादी चिन्तनले साहित्यको शास्त्रीय एवं कलात्मक मूल्यलाई नै समाप्त परिरहेको छ। यस सन्दर्भमा साहित्यमा पूर्वीय तथा पाश्चात्य परम्परामा उपयोगितावादी चिन्तनको प्रदूर्भाव, प्रयोग र विकासको अध्ययन यस आलेखमा गरिएको छ।

**समस्याकथन**

उपयोगितावादको प्रायोगिक पृष्ठभूमि के कस्तो रहेको छ र पूर्वीय तथा पाश्चात्य साहित्यिक परम्परामा यसलाई कुन रुपमा प्रयोग गर्रिंदै आएको छ भन्ने प्राज्ञिक जिज्ञासा नै यस आलेखको मुख्य समस्या हो।

**उद्देश्य**

उपयोगितावादको प्रायोगिक पृष्ठभूमिको विवेचना गर्दै पूर्वीय तथा पाश्चात्य साहित्यिक परम्परामा यसको प्रयोगका सन्दर्भमा देखा परेका मूलभूत मान्यताको विश्लेषणत्मक अध्ययन गर्नु यस आलेखको मुख्य उद्देश्य रहेको छ।

**अध्ययनको विधि**

प्रस्तुत आलेख पुस्तकालयीय अध्ययन विधिमा आधारित छ । यसका निम्ति पुस्तकालयीय अध्ययन विधिबाट सामग्री सङ्कलन गरी प्राप्त सामग्रीलाई आगमन विधिका माध्यमबाट सान्दर्भिक विश्लेषण र विवेचना गरिएको छ। यस बाहेक सामग्रको अध्ययनबाट प्राप्त भएका विभिन्न सन्दर्भहरूलाई उदाहरणका रूपमा प्रस्तुत गर्दै साहित्यमा उपयोगितावादी अवधारणको व्याख्या गरिएको छ। साहित्या उपयोगितावादको अध्ययनार्थ तयार पारिएको अवधारणमा मूलतः उपयोगितावादको प्रयोगिक पृष्ठभूमि, उपयोगितावादी पूर्वीय मान्यता र उपयोगितावादी पाश्चात्य मान्यतालाई विश्लेषणको केन्द्रीय विषय बनाइएको छ। साहित्यमा उपयोगितावादी मान्यताको प्रसार परापूर्वकालदेखि नै पूर्वीय र पाश्चात्य दुवै परम्परामा प्रयोग हुँदै आएको सन्दर्भमा तिनको व्यवस्थित विश्लेषण र विवेचना यस आरेखमा गरिएको छ। पाश्चात्य जगत्बाट उन्नाइसौं शताब्दीमा सैद्धान्तिक स्वरूप प्राप्त गरेर विकसित हुदै आएको उपयोगितावाद पूर्वीय साहित्य चिन्तनमा धर्म, अर्थ, काम, मोक्ष, आनन्द आदिका अर्थमा र पश्चिममा नैतिकता, आदर्श र समाज सुधार

आदिका रूपमा प्रयोग हुँदै आएको तथा वर्तमान विश्वमा पनि हरेक क्षेत्रमा हावी भएको निष्कर्ष प्रस्तुत गरिएको छ।

## उपयोगितावादको प्रायोगिक पृष्ठभूमि

उपयोगितावाद शब्दको प्रचार उन्नाइसौँ शताब्दीमा युरोपमा भएको थियो । त्यसबेला युटिलिटेरियलिज्मका नामबाट प्रचार गरिएको यस शब्दलाई नेपालीमा उपयोगितावाद भनेर चिनाउन थालियो । ग्रीक एपिकरस (Epieurus) को आनन्दवादलाई पुनरुत्थान गरी उपयोगितावादको सिद्धान्त स्थापित भएको हो । आठौँ शताब्दीको वायवी आदर्शवादका विरुद्ध प्रतिक्रियात्मक रूपमा उपयोगितावादको जन्म भएको हो । (वर्मा लगायत, सन् २००, पृ. १३५) यस वादका प्रथम प्रयोक्ता जेरेमी बेथम, जोन स्टुअर्ट मिल र जोन अस्टिन जस्ता व्यक्तिवादी दार्शनिक थिए । तिनका विचारमा राजनीतिक संस्था र राजनीतिक नियमहरू कुनै आदर्श, काल्पनिक मानवीय अधिकारहरू एवं मानवीय कर्त्तव्यका निम्ति नभएर मानवीय सम्बन्धको एक निश्चित तथा स्थिर उपयोगिताका निम्ति भइकाले नै यसको महत्त्व रहेको देखिन्छ। यी दार्शनिकका अनुसार समाजलाई नियमन गर्ने एकमात्र सिद्धान्त सर्वाधिक जनसंख्याको अधिकतम सुख नै हो ।

> यो सिद्धान्तले मानिसलाई आनन्द दिने वस्तुलाई मात्र उपयोगी ठान्दछ र व्यवहारमा भौतिक अथवा बौद्धिक दुवै क्षेत्रका कार्याकलापलाई उपयोगिताका आधारमा मूल्याङ्कन गर्दछ। कोरा तर्क र कल्पनाको सट्टा व्यावहारिक अनुभवलाई जोड दिने र निरीक्षण-परीक्षणको पद्धति अँगाल्ने सिद्धान्तका रूपमा यस वादलाई परम्परागत र आधुनिक अर्थात् सनातन र क्रान्तिकारी दुई धारमा विभाजन गरी हेर्ने गरिन्छ (प्रभात लगायत, २०७०, पृ. ८१) ।

उपयोगितावाद नीतिशास्त्र निर्देशित भएर समाजमा धेरैका निम्ति भन्ने मान्यताका साथ परोपकारकै एक रूपमा स्थापित भएको थियो तापनि वर्तमान समयमा यसको स्वरूप व्यक्तिवादी रहेको छ। सिद्धान्ततः यसले स्वतन्त्र व्यापार, स्वतन्त्र पेसा, स्वच्छ प्रतिष्पर्धा, व्यक्तिगत सम्पत्ति तथा अन्य व्यक्तिवादी सुधारको माग गर्दै आभिजात्य उत्कृष्टतालाई चुनौती दिने काम गर्दछ । उपयोगितावादी विचारधारामा अनौठो विकास परिलक्षित हुन्छ । यो व्यक्तिवादीताको परिणति समाजवादोन्मुख विचारधारामा देख्न सकिन्छ । अन्ततः त्यसको वैयाक्तिक र सामाजिक उपयोगितामा विभेद गर्दै सामाजिक उपयोगितालाई श्रेष्ठतर मान्न वाध्य हुनु परेको देखिन्छ। समाजवादी विचारधाराको पृष्ठभूमिमा उपयोगितावादी दर्शनको गहिरो प्रभाव छ । समाजवादी विचारधाराकै चरम रूप मार्क्सवादमा सर्वहारावर्गलाई प्रदान गरिएको श्रेष्ठता हो । यसै आधारमा सर्वहारा वर्गको कल्याणमा उपयोगितावादको मापन गर्न थालियो । यसलाई समाजशास्त्रीय विचारकहरूले कलाको वर्गयुद्धको अस्त्र मान्न थाले । उनीहरूले यसैलाई विचारको प्रचार गर्ने साधन मानेका छन् । पछिल्लो समयमा नेपाली साहित्यका आयामेली, बिम्बवादी र कलावादी कविहरूमा समेत उपयोगितावादको प्रभाव परेको छ (वराल समेत, २०५५, पृ. १५९) । यसरी विभिन्न कालखण्डमा रूपान्तरित हुँदै निरन्तर कामयावी हुँदै आइरहेको कला र साहित्यको उपयोगिताको सामाजिक संघर्षलाई साथै जोडेर हेर्न थालियो ।

## पूर्वीय साहित्यमा उपयोगितावाद

साहित्यमा उपयोगितावाद खासमा कुनै नयाँ दृष्टिकोण भने होइन। कुनै न कुनै रूपमा उपयोगिताको विषय परापूर्वकालदेखि नै साहित्यसँग आवद्ध रहँदै आएको छ। पूर्वीय साहित्यशास्त्री आचार्य भामहले उनको प्रसिद्ध ग्रन्थ *काव्यालङ्कार*मा काव्यको तीन प्रयोजन मानेका छन् । प्रथमतः धर्म, अर्थ, काम, मोक्ष जस्ता कलामा विलक्षण ज्ञानार्ज, द्वितीयतः

कीर्ति आर्जन र तृतीयतः आनन्द प्राप्तिलाई काव्यको प्रयोजन मानेका छन् (शास्त्री, सन् १९७०, पृ. १) । खासगरी शास्त्रादिको ज्ञान आर्जन, कीर्ति आर्जन र आनन्द प्राप्तिलाई भामहले साहित्यको उपयोगिता सिद्धिहेतु मानेका छन् । यस्तै आचार्य रुद्रटले यश प्राप्ति, ईष्टसिद्धि र पुषार्थको प्रसारलाई काव्यको प्रयोजन मानेका छन् । रुद्रटले धर्म, अर्थ, सुख/आनन्द, यस लोकमा काम र परलोमा मोक्षको चाहना नै काव्यको प्रयोजन बताएका छन् । उनले पुरुषार्थ सिद्धि, जनमनलाई प्रसन्न पार्नु, महिमा विस्तार गर्नु, हिमाच्छन्न धवल अनश्वर कीर्ति आर्जन गर्नु आदिलाई काव्य/साहित्यको प्रयोजन मानेका छन् (रुद्रट, सन् १९०९, पृ.४-८) । यस्तै आचार्य कुन्तकले धर्म, अर्थ, काम, मोक्ष र अन्तश्चमत्कारलाई काव्य प्रयोजनका रूपमा लिएका छन् (थापा, २०४२, पृ. २०) । ध्वनिवादी तथा रसवादीहरूले रसिलो उपदेश दिने वाणीलाई काव्यको प्रयोजन मानेका छन् । तिनका अनुसार काव्यले मानव हृदयलाई प्रभावित पार्दै कर्तव्याकर्तव्यको सुन्दर र सरस विवेचना गर्दछ । ध्वनिवादीहरूले काव्यले रसको अनुभूत गराउँछ र रसानुभूतिले मानव मात्रलाई जीवनका अनेकौं आदर्श तर्फ उन्मुख गराउँछ भन्ने सिद्धान्त स्थापित गरेका छन् । आचार्य मम्मटले ध्वनिवादीहरूको रसरूप काव्यप्रयोजनलाई अझ परिष्कृत गर्दै काव्यको छ वटा प्रयोजन बताएका छन् । उनले यशप्राप्ति, अर्थलाभ, व्यवहारिक ज्ञान, रोगादिको नाश/अमङ्गल निवारण, रसानन्द र सरल उपदेश/कान्तासम्मत उपदेशलाई काव्यको प्रयोजन मानेका छन् (थापा, २०४२, पृ. २१) । उल्लिखि अघिल्ला चार वटा कविका प्रयोजन हुन् भने पछिल्ला दुई वटा कवि तथा सहृदय पाठक दुवै वर्गका प्रयोजन हुन् । मम्मटको यस विचारलाई उनका परवर्ती आचार्यहरू प्रायः सबैले स्वीकार गरेका छन् । आधुनिक युगका प्रयः सबै साहित्यकास्त्रीले लोक मङ्गल एवं आत्मविस्तारलाई काव्यको प्रयोजन मानेका छन् ।

दर्शनका रूपमा उपयोगितावाद धेरै पछाडि जन्मेको भए पनि साहित्यलाई उपयोगिताको कसीमा घोट्ने चलन भने धेरै पुरानो हो । प्लेटोले आफ्नो गणराज्यमा कवि र कलाकारलाई अनुपयुक्त ठह-याएका थिए । संस्कृत साहित्यमा मम्मट काव्यको प्रयोजन कविलाई यश, धन, व्यवहार, ज्ञान, अमङ्गलबाट रक्षा गर्ने र पाठकलाई पत्नीले झैं उपदेश तथा आनन्द दिने आदि कुराको लागि भन्दछन् । काव्यको प्रयोजन संस्कृत साहित्यको एउटा अपरिहार्य विषय भएकाले उपयोगिता नभएको कुनै पनि संस्कृत साहित्यको कल्पना गर्न सकिंदैन । त्यसैले भरतमुनिदेखि विश्वनाथसम्मका संस्कृत काव्यशास्त्रका आचार्यहरू काव्यलाई प्रयोजनपरक मान्दछन् (वराल लगायत, २०५५, पृ. १५९) ।

काव्य वा साहित्यको साधनावस्था र सिद्धावस्थाका अलग अलग प्रयोजन बताइएको छ । शिशिरको आतङ्क झेल्दै वसन्तको स्फुरणमा प्रवेश गरेको वनस्थली जस्तै लोकको पीडा, वाधा, अन्याय, अत्याचारका बिचमा दबेर रहेको आनन्दमय ज्योतिलाई भीषण शक्तिमा परिणत गराई लोकमङ्गल/लोकरञ्जनका रूपमा प्रकाशित गर्नु काव्य साधनाको प्रयोजन हो । यस्तै केही कवि र भक्तहरू आनन्द/मङ्गलको सिद्ध/आविर्भूत स्वरूपलाई लिएर सुख र सौन्दर्यमय माधुर्य, सुषमा, विभूति, उल्लास प्रेमव्यापार आदि उपभोग पक्ष तर्फ आकर्षित भए झैं नै आनन्द र मङ्गलको साधनावस्थालाई लिएर पीडा, वाधा, अन्याय, अत्याचार आदिको दमन गर्न तत्पर रहँदै शक्ति संचरणमा पनि उत्साह, क्रोध, भय र घृणा भावमा रमणीयताको प्रसार गराउनु साहित्यको सिद्धि प्रयोजन हो (शुक्ल, २००६, पृ. ५६) ।

नेपाली साहित्यका लेखनाथ पौड्याल, धरणीधर कोइराला, बालकृष्ण सम लक्ष्मीप्रसाद देवकोटा, राकृष्ण शर्मा जस्ता महारथीरहरूले पनि आफ्ना रचनाका माध्यमबाट साहित्यको उपयोगिताका सम्बन्धमा विचारहरू प्रस्तुत गरेका छन् । कविशिरोमणि लेखनाथले समाजसुधार, उपदेश वा शिक्षा, विचारशाली मिठा कुरालाई नैतिक सन्देशका रूपमा साहित्यको प्रयोजन औंल्याााएका छन् । यस्तै धरणीधर काइरालाले पनि मानव जीवनलाई सुन्दर र सार्थक बनाउन सामाजिक

वैरभा र उचनीचको व्यवहारबाट मुक्ति, समाजसुधार, धर्मको प्रसार र शिक्षालाई साहित्यको प्रयोजन मानेका छन् । अर्का साहित्यकार नाट्यसम्राट बाकृष्ण समले मानव समाजमा आदर्श स्थापना गर्नु, आनन्दानुभूति गराउनु, कारूणिक भावनाको जागृतिका साथै शिव र सुन्दरको सम्मिलन गराउनुलाई काव्यको प्रयोजन मानेका छन् । महाकवि लक्ष्मीप्रसाद देवकोटाले आनन्द, सौन्दर्य र कलात्मक शिक्षालाई साहित्यको प्रयोजन मानेका छन् भने समालोचक रामकृष्ण शर्माले सौन्दर्य चेतना, अनुभूति, नैतिक मूल्यको अर्थमा शैक्षिक चेतनाको जागृति, आदर्श स्थापना, जिजीविषाको समनका साथै संझना, चेतना र इच्छालाई साहित्यको प्रयोजनका रूपमा लिएका छन् (थापा, २०४२, पृ. २४-३१) ।

यसबाट के स्पष्ट हुन्छ भने प्रयः सबै जसो साहित्यशास्त्रीले पारापूर्वकालदेखि नै कुनै न कुनै रूपमा काव्य/साहित्यको वैयाक्तिक तथा सामाजिक उपयोगिता स्वीकार गर्दै आएको देखिन्छ । खास गरी साहित्यको प्रयोजनपरक उपयोगिता हाल कवि वा साहित्यकारसम्म मात्र सीमित नभएर व्यक्तिपाठक र समुदायसम्म विस्तार भएको छ ।

## पाश्चात्य साहित्यमा उपयोगितावाद

पाश्चात्य काव्य चिन्तकहरूले उपदेशसँग आवद्ध उपयोगितालाई प्रमुख स्थान दिंदै आएका छन् । सर्वप्रथम ग्रीकमा आचार्य प्लेटोले काव्यको प्रमुख काम शिक्षा प्रदान गर्नु हो भन्ने विचार प्रसारित गरे । उनले शिक्षामा संगीतको महत्त्वपूर्ण स्थान भएको चर्चा गर्दै त्यस अन्तर्गत काव्य साहित्य, गीत, नृत्य, कला, इतिहास, मूर्तिकला, चित्रकला आदि सबैलाई समावेश गरेका छन् । बाल्यकालमा बच्चाको मस्तिष्क कोमल हुने भएकाले संगीतको प्रभाव स्थायी रूपमा पर्न सक्छ । यसबाट उसको चरित्र निर्मामा पनि सहयोग पुग्दछ । त्यसकारण आमा तथा धाईहरूले बच्चालाई चरित्र निर्माण हुने खालका काल्पनिक कथा, कहानी एवं लयबद्ध कविताहरू सुनाउनु पर्दछ (प्रसाद, सन् १९८८, पृ. ३६) । आचार्य प्लेटो कालको ग्रीकमा शिक्षाका क्षेत्रमा काव्य साहित्यको महत्त्वपूर्ण स्थान थियो । त्यस बेलाको ग्रीक समाजमा शिक्षाका माध्यमबाट नै केटाकेटीले देवी देवताका विषयमा ज्ञानार्जन गर्छन् भन्ने विश्वास गरिन्थ्यो । काव्यको चरित्र हरेक दृष्टिकोणबाट अनुकरणीय व्यक्तित्व हुने भएकाले राजनीति, सैन्यपरिचालन, शत्रुमाथिको विजय र समाज सञ्चालनमा समेत काव्यका चरित्रबाट प्रेरणा प्राप्त गर्न सकिने विचार होमरले प्रस्तुत गरेका छन् । *इलियड* र *ओडिसी* जस्ता ग्रन्थको ठोस उपस्थिति नै होमरको रचयिताको अकाट्य प्रमाण हो । करिब ३३ सय वर्ष अगाडिको ग्रीसमा भएको ट्रोयली लडाइँका कथाहरूमा वर्णित वीरतापूर्ण कार्यहरू र चरित्रचित्रण सबैको ज्ञानसीमाभित्रकै वस्तु भएकाले ग्रीसेली संस्कृतिकारूपमा यी विख्यात हुन गए” (शर्मा, २०२६, पृ. ३) । यसबाट उनका महाकाव्यहरूको घटना र वीरगाथा वर्णन ग्रीसको सांस्कृति पहिचान र नागरिकहरूको चरित्र निर्माणमा उपयोगी रहेको जानकारी हुन्छ । पश्चिममा काव्यको शिक्षक दृष्टिकोणमा असहमति राख्ने फरक विचार पनि रहँदै आएको छ । प्लेटो आफैँले देवता प्रायः चरित्रहीन हुन्छन् भन्ने सङ्केत गरेका छन् । उनले ग्रीकमा होमरको काव्यको माध्यमबाट शिक्षा प्राप्त कुनै पनि व्यक्तिलाई सेनानायक नचुनिएको र अकिलिज (Achilles) जस्तो चरित्रहीन व्यक्ति कुनै पनि अर्थमा अनुरणीय हुँदैन भनी आलोचना गरेका छन् । उनले बालकहरूलाई सत्यताले भरिएको कथा/कहानी मात्र सुनाउनु पर्ने उल्लखे गर्दै होमर र हिसियडका असत्यले भरिपूर्ण कविताहररूमा प्रतिबन्ध लगाई बालकहरूलाई सत् साहित्यको ज्ञान दिनु पर्ने विचार प्रस्तुत गरेका छन् (प्रसाद, सन् १९८८, पृ. ११४) । यस्तै अरिस्टोटलले काव्यको सौन्दर्यबोधका पक्षमा विशेष जोड दिएका छन् । साहित्यिक प्रयोजनका सम्बन्धमा भन्नु पर्दा-

उनी साहित्यका मूल उद्देश्यका रूपमा आनन्दलाई स्वीकार गर्छन् भने गौण उद्देश्यका रूपमा नीतिलाई । अवश्य नै

अरिस्टोटल विस्तारपूर्वक कहीँ पनि आनन्द र नीतिको चर्चा गर्दैनन् तर नीति प्रवल परम्परामा यो मौन आफैं अर्थ राख्छ अनि विशिष्ट आनन्दलाई साहित्यिक उपलब्धि ठान्ने सङ्केत आफैंमा प्रशस्त बोल्न सक्छ । यसरी हेर्दा अनुगमनको विधि अँगाल्ने अरिस्टोटल कलाको वास्तविक प्रयोजन र उपलब्धिका दृष्टिले प्रायः निर्भ्रान्त आचार्य प्रतीत हुन्छन् (त्रिपाठी, २०४८, पृ. ३४) ।

अरिस्टोलले आफ्नो *काव्यशास्त्र*मा साहित्य लेखनलाई प्रकृतिको अनुकरण र मानिसभित्र रहेको अनेकौँ मनोविकारको विरेचनका रूपमा समेत प्रस्तुत गरेका छन् । राजनीतिक विचारकका रूपमा भने उनले संगीतलाई विशेष जोड दिँदै शिक्षाको पाठ्यक्रममा विज्ञान, गणित, समाजशास्त्र, साहित्य, तर्कशास्त्र र दर्शनलाई महत्त्व नदिएको उल्लेख छ (प्रसाद, सन् १९८८, पृ. १४१) । अर्का साहित्यकास्त्री होरेसले काव्यको औपदेशिक पक्षलाई महत्त्वपूर्ण मानेका छन् । उनले काव्यबाट शिक्षा र आनन्द दुवै प्राप्त हुने विचार प्रस्तुत गरेका छन् । नाटकका सम्बन्धमा प्रकृति र जीवनको अनुकरण मान्ने होरेसले कविताले मनोरञ्जन र प्रशिक्षण दुवै प्रदान गर्नुपर्छ भन्ने विचार राख्दछन् (त्रिपाठी, २०४८, पृ. १००) । उनको यो विचारले पूर्वीय साहित्यकास्त्री कुन्तक र मम्मटको विचारसँग सामीप्यता राख्दछ । अर्का साहित्यकास्त्री लेक्रेसिकले पनि उपयोगितावादी दृष्टिकोणलाइ नै प्रमुख मानेका छन् ।

उपयोगितावादलाई दर्शनका रूपमा प्रयोग गर्ने पहिलाव्यक्ति बेलायती दार्शनिक जेरिम बेन्थम हुन् । उनले यसलाई नैतिक सिद्धान्तका रूपमा स्थापित गर्दै सुख र दुःखलाई मानव आचारका मूलभूत प्रेरक तत्त्व माने । मानिसको नैतिकताको मूल्याङ्कन उसको कृतिको उपयोगिताको आधारमा गरिनुपर्छ भन्ने विचार बेन्थमले प्रस्तुत गरे (वराल समेत, २०५५, पृ. १५९) । पाश्चात्य दार्शनिक एवं साहित्यशास्त्री रस्किनले काव्यलाई मूल रूपमा उपदेश प्रधान मानेका छन् । उनले आनन्दलाई त्यसको केवल सह उत्पादन मान्दै त्यसको मुख्य विषय त धार्मिक भावनालाई विकास गर्नु, नैतिक स्तरलाई पूर्णता दिनु र भौतिक सेवा प्राप्त गर्नुलाई मानेका छन् । बेन्थमबाट प्रभावित जे. एस्. मिलले भौतिक सुखभन्दा मानसिक सन्तुष्टिलाई महत्त्व दिँदै कुनै कृति बहुजनको मानसिक सन्तुष्टिमा बढी उपयोगी सिद्ध हुनु नै बढी नैतिक हुनु हो भनेका छन् (बराल समेत (२०५५ पृ. १५९) । दार्शनिक मिलका अनुभवमा व्यक्तिको निरपेक्ष स्वतन्त्रता सर्वाधिक जनसंख्याको अधिकतम सुखको विपरीत ध्रुव हो । लियोटाल्सटायले पनि काव्यको धार्मिक र नैतिक पक्षलाई विशेष जोड दिएका छन् । "उनले धर्मलाई विचारशीलता र तार्किकताद्वारा बलियो पार्न खोजे र यस प्रयत्नमा अविचारशीलतालाई त्यागेकाले उनको धार्मिक मान्यता नैतिक व्यवस्थामा सीमित हुन गयो" (शर्मा, २०३४, पृ. १६१) पश्चिममा उन्नाइसौं शताब्दीको अन्त र बिसौं शताब्दीको सुरुतिर कला कलाको लागि भन्ने आन्दोलन सशक्त रूपमा देखा पऱ्यो । कान्टको सौन्दर्यवादी दर्शन र क्रोचेको सहजानुभूति सिद्धान्तका प्रभावमा 'कला कलाको लागि' अभियान विकसित भएको हो । रूढ र स्थूल नीतिवादको विपक्षमा यो सिद्धान्त स्थापति भएको हो । ह्विलर, वाल्टर पेटर, ओस्कर वाइल्ड, ब्रेडले जस्ता विचारक एवं साहित्य चिन्तकहरूले त्यस आन्दोलनलाई समर्थन गरेका छन् र यसै अवधिमा स्थूल उपयोगितावादमा केही परिष्कार भएको छ (त्रिपाठी, २०४८, पृ. ३८१) । जस अनुसार सर्वप्रथम कलाले कुनै पनि शिक्षाको आलोक बिना नै आत्मालाई माथि उठाउँछ, त्यसपछि आत्माका निम्ति रञ्जनकारी हुनुका साथै मानसिक शक्ति प्रदान गर्दछ । पछिल्ला नवमानवतावादी विचारकहरू मोर, इविङ, बेबिट जस्ता विचारकहरूले उपयोगितावादलाई मानवीय नियमहरू प्रति जिम्मेवार ठान्दै यी नियमलाई वस्तुगत नियमबाट भिन्न मानेका छन् । मार्क्सवादीहरू साहित्यको उपयोगिता वा प्रयोजन स्वयं परिस्थिति र क्रियाबाट उत्पन्न हुनुपर्छ भन्ने विचार राख्दछन् । उनीहरूका अनुसार त्यसमाथि विशेष जोडदिई रहने आवश्यकता छैन । मार्क्स र एङ्गेल्सले साहित्यमा प्रयोजनको

अभिव्यक्ति स्थिति र क्रियामा हुनुपर्ने र साहित्यकारले तयारी रूपमा प्रस्तुत गर्नु हुँदैन भन्ने मान्यता प्रस्तुत गरेका छन् । उनीहरूका अनुसार साहित्यको प्रयोजन वर्गीय पक्षधरता र वर्गहीतमा केन्द्रित हुनुपर्छ भन्ने रहेको छ (भण्डारी, २०७६, पृ.२८१) ।

## निष्कर्ष

उपर्युक्त अध्ययनबाट के बुझिन्छ भने साहित्यमा उपयोगितावादको रूप र प्रतिमानहरू फेरबदल भइरहन्छन् । कला र साहित्यको शैक्षिक उपदेशात्मक उपयोगिता प्राचीन कालबाटै स्वीकार्य हुँदै आएको छ । यो कुनै न कुनै रूपमा अहिले पनि उपयोगी नै छ । कलाको नैतिक उपयोगिता पनि स्वीकार गरिँदै आएको छ । अधुनिक युगमा रस्किन, टाल्सटाय र हाम्रा लेखनाथ पनि नैतिक उपयोगितावादका समर्थक प्रतीत हुन्छन् । कलाले मनोरञ्जन र आनन्द प्रदान गर्नु पनि उपयोगितावादी दृष्टिकोण नै हो । पूर्वीय काव्यचिन्तनमा कला वा साहित्यलाई पुरुषार्थ चतुष्टय प्राप्तिको साधन नै मानिएको छ । मार्क्सवादी वैचारिकताका कोणबाट हेर्दा कला वा साहित्य वर्ग युद्धको महत्त्पूर्ण शस्त्र हो । वर्तमान समयमा मार्क्सवादी सिद्धान्त अधिकांश विकासोन्मुख देशहरूमा योजनाबद्ध प्रचारको साधन बनेको छ । यसभन्दा बढी विश्वपरिवेशमा देखा परेको शीतयुद्धले कला र साहित्यको नयाँ उपयोगिता जन्माएको छ, त्यो एकले अर्कालाई सकेसम्म वाणीका माध्यमबाट प्रहार गर्नु वाणी कै माध्यमबाट त्यसको जवाफ फर्काउनु हो । यसरी कला वा साहित्यको उपयोगिता सम्पूर्णमा सृष्टिसँग रागात्मक सम्बन्ध स्थापित गर्न मात्र नभएर विद्वेषात्मक सम्बन्ध दर्शाउन समेत सफल सिद्ध भएको देखिन्छ । यस्तो खालको उपयोगमा कला वा साहित्य मानवीय अनुभवहरूको प्रकाशन हो भन्ने विषय पूर्ण रूपमा ओझेलमा परेको अनुभव हुन्छ । यदि मावीय अनुभव मूल्यवान् हुन्छ भने हरेक कथा पनि मूल्यवान् हुन्छ नै । साहित्यिक कलात्मक कृतिहरूका माध्यमबाट पाठक वा भावक अत्यन्तै गहिरो, घनिष्ट र ताजा सम्पर्कका आउन सक्ने देखिन्छ । यसबाट पाठकले बढीभन्दा बढी समृद्ध र उन्नत जीवन बाँच्न सक्ने आशा राख्न सकिन्छ । यही नै साहित्यको वास्तविक उपयोगिता हुन जान्छ । स्थूल भौतिक उपयोगितासँग पाठकको एकमै टाढाको सम्बन्ध रहेको हुन्छ । साहित्यमा उपयोगितावादी चिन्तन पूर्व र पश्चिम दुवै तिर समान रूपमै विकसित हुँदै आएको देखिन्छ । उपयोगिताका दृष्टिबाट साहित्यको क्षेत्र विस्तार भएको छ । विभिन्न सन्दर्भमा गरिने साहित्यिक विज्ञापनले निरस विषयलाई सरस र श्रोता केन्द्रि बनाएको छ । समाजमा देखिने विसङ्गति, दुर्व्यवहार, असमानता, विभेद आदिजस्ता विषय पनि साहित्यकै माध्यमबाट प्रस्तुत गर्न सकिने भएकाले साहित्यको समसामयिक उपयोगिता झनै सान्दर्भिक हुन गएको छ । तसर्थ साहित्यमा उपयोगितावाद वर्तमान विश्वमा झनै महत्त्वपूर्ण सावित भएको छ ।

## सन्दर्भसामग्री

तानासर्मा.(२०२६).*पश्चिमका केही महान् साहित्यकार.* (दाम्रो सं. २०३४). ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव. (२०४८). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा.* (तेम्रो सं.). ललितपुर : साझा प्रकाशन।

प्रभात, विष्णु लगायत. (सम्पा.). (२०७२). *प्रज्ञा दर्शनकोश.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रसाद, चंद्रदेव. (१९८८). *महान् राजनीतिक विचारक अरस्तु.* पटना : भारती भवन पब्लिसर्स एन्ड डिष्ट्रिब्युटर्स।.

प्रसाद, चंद्रदेव. (१९८८).*महान् राजनीतिक विचारक प्लेटो.* पटना : भारती भवन पब्लिसर्स एन्ड डिष्ट्रिब्युटर्स ।

थापा, हिमांशु. (२०४२). *साहित्य परिचय.* ललितपुर : साझा प्रकाशन ।

भण्डारी, जगदीशचन्द्र. (२०७६). *प्रगतिवादको सैद्धान्तिक पृष्ठभूमि.* (**रत्न बृहत् नेपाली समालोचना**, सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मण प्रसाद गौतम). काठमाडौँ : रत्नपुस्तक भण्डार ।

रुद्रट. (सन् १९०९). *काव्यालङ्कार.* बम्बई : टुकाराम जवावी ।

वर्मा, धीरेन्द्र समेत. (सम्पा.). (सन् २०००). *हिन्दी साहित्यकोश.* वाराणसी : ज्ञनमण्डल लिमिटेड ।

वराल, ईश्वर. (सम्पा.). (२०५५). *नेपाली साहित्यकोश.* काठमाडौं : नेपाल रजकीय प्रज्ञा-प्रतिष्ठान

शास्त्री, पी. भी. नागनाथ (सन् १९७०). *काव्यलङ्कार अफ भामह.* वाराणसी : मोतीलाल वनारसीदास ।

शुक्ल, रामचन्द्र (२००६) *रस-मीमांसा.* (विश्वनाथ मिश्र, सम्पा.). काशी : नागरीप्रचारिणी सभा ।